# स्थानीय सरकार

## बागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## झुरझुरे, मकवानपुर

## बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/०८२

**सेवा करारमा ल्याव असिस्टेन्ट पदमा पदपूर्ति गर्ने सम्वन्धी सूचना**

*(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०७/२८)*

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०७/२५ गतेको निर्णयानुसार यस गाउँपालिका अन्तर्गतको राईगाउँ स्वास्थ्य चौकी, बागमती-०२, राईगाउँमा कार्यरत रहने गरी ल्याब असिस्टेन्ट पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रीतपूर्वकको दरखास्त आहवान गरिएको छ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | सेवा, सुविधा | दरखास्त दस्तुर (रु.) | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ०४/०८१/०८२ | ल्याब असिस्टेन्ट | सहायकस्तर चौथो | १ (एक) | प्रचलित कानुन बमोजिम | ७००/- | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क) शैक्षिक योग्यता: मान्यता प्राप्त शैक्षिक संस्थाबाट Pre-Diploma in Medical Lab Technology (Lab Assistant 18 months course) उत्तीर्ण भई व्यवसायिक परिषद्मा दर्ता भएको,

ख) कुनै फौजदारी अभियोग नलागेको,

ग) दरखास्त दिने अन्तिम मिति सम्म कम्तीमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष उमेर ननाघेको,

घ) कार्यविधि बमोजिम आवश्यक अन्य योग्यता तथा अनुभव।

२. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकता, शैक्षिक योग्यता, व्यावसायिक परिषद्मा दर्ता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफैंले प्रमाणित गरी दरखास्त फारममा संलग्न गर्नु पर्नेछ।

३. दरखास्त दिने स्थानः बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, झुरझुरे, मकवानपुर।

४. दरखास्त दिने अन्तिम मितिः २०८१/०८/१२ गते कार्यालय समय भित्र एवं उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलीपल्ट कार्यालय समय भित्र।

५. दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः तोकिएको दरखास्त दस्तुर सानिमा बैंक लि., बागमती शाखामा रहेको बागमती गाउँपालिका ग-१.१-आन्तरिक राजश्व खाता नं. ०६२०१००४००००००३ मा जम्मा गरी सक्कलै भौचर वा गाउँपालिकाको राजस्व शाखामा आम्दानी रसिद कटाई नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने।

६. छनौटका आधारहरुः प्रारम्भिक योग्यता एवं अन्तर्वार्ता।

७. अन्तर्वार्ताको मिति पछि प्रकाशन गरिनेछ।

८. कार्यविवरणः गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम।

९. करार अवधिः २०८२ साल असार मसान्त सम्म।

१०. दरखास्त फारम यस गाउँपालिकाको वेबसाइट www.bagmatimunmakwanpur.gov.np मा प्राप्त गर्न सकिनेछ। साथै दरखास्त फारम भरी गाउँपालिकाको Email: bagmatimun.makwanpur@gmail.com मा बुझाउन सकिनेछ।

ओम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः थप जानकारीका लागि स्वास्थ्य शाखा प्रमुख श्री दिनेश कुमार गुसाको मो.नं. ९८४५०९८०८५ मा सम्पर्क गर्नुहोला।*